# भाग ४

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

नापतौल विभागअन्तर्गत निम्नलिखित नापतौल कार्यालय खारेज गर्ने र सो कार्यालयले गरी आएका कामकाज निम्नलिखित नापतौल कार्यालयबाट कार्यान्वयन गर्ने गराउने श्री ५ को सरकारको निर्णय भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | खारेज भएका कार्यालयहरूको नाम | खारेज भएका कार्यालयहरूको कामकाज गर्न तोकेको कार्यालयहरू |
|---|---|---|
| १. | महाकाली अञ्चल, कञ्चनपुर, महेन्द्रनगरस्थित नापतौल कार्यालय । | सेती अञ्चल, धनगढी नापतौल कार्यालय । |
| २. | धौलागिरि अञ्चल, बागलुङ जिल्लास्थित नापतौल कार्यालय । | गण्डकी अञ्चल, पोखरा नापतौल कार्यालय । |

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४२।२।८ को निर्णयानुसार गृह मन्त्रालयका शाखा अधिकृत श्री नरेन्द्रराज उपाध्यायलाई जिल्ला कार्यालय, प्यूठानको प्रशासकीय अधिकृत पदमा सरुवा गरिएको छ ।

आज्ञाले,
श्रीमती गौरी ढकाल
कानून अधिकृत (उप-सचिव)



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९०६८